गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम धनुषा पोखरी भाडामा लगाउने सम्बन्धी बोलपत्र आव्हान गरिएको १५ दिने सार्वजनिक सूचना तेश्रो पटक प्रकाशित मिति २०७९।९।१८

गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेका गुठी पोखरी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा पानीमा हुने माछा पालन व्यवसायका लागि शिलवन्दी बोलपत्रको माध्यमवाट ५(पाँच) वर्षको लागि भाडामा व्यवस्था गर्नु पर्ने भएकोले निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | जिल्ला | न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षे.फ. | पोखरीको नाम | न्यूनतम एकशाला |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | ज.म.न.पा. | ६ | | | | गोरधाई पोखरी | १०,२२,८८८। |
| २ | धनुषा | ज.म.न.पा. | ४ | | | | विषहरा पोखरी | २४,०५,७९०। |
| ३ | धनुषा | ज.म.न.पा. | ६ | १३१५-३ | ५८ | | पुरन्दर | ११,३६,४५०। |

नोट प्रस्ताव सम्वन्धी विस्तृत जानकारीको लागि गुठी संस्थान शाखा कार्यालय, जनकपुरको सूचना पाटी र संस्थानको website:www.guthisansthan.org.np मा हेर्न हुन सूचित गरिन्छ। गुठी संस्थान शाखा कार्यालय जनकपुर, सम्पर्क नं. 041-520181

CamScanner

## गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम धनुषा पोखरी भाडामा लगाउने सम्बन्धी बोलपत्र आव्हान गरिएको १५ दिने सार्वजनिक सूचना तेश्रो पटक प्रकाशित मिति २०७९।९।१८

गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेका गुठी पोखरी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा पानीमा हुने माछा पालन व्यवसायका लागि शिलवन्दी बोलपत्रको माध्यमबाट ५(पाँच) बर्षको लागि भाडामा व्यवस्था गर्नु पर्ने भएकोले निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | जिल्ला | न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षे.फ | पोखरीको नाम | न्यूनतम एकशाल |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | ज.म.न.पा. | ६ | | | | गोरधाई पोखरी | १०,२२,८८८। |
| २ | धनुषा | ज.म.न.पा. | ४ | | | | विषहरा पाखरी | २४,०५,७९०। |
| ३ | धनुषा | ज.म.न.पा. | ६ | १३१५-३ | ५८ | | पुरन्दर | ११,३६,४५०। |

१. बोलपत्र फाराम ३०००।- (तीन हजार मात्र) नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म खरिद गर्न सकिनेछ।

२. यो सुचना प्रार्कशित भएको मितिले १६ औ दिनको १२:०० बजे सम्म आफुले लिन चाहेको भाँडा दर उल्लेख गरी लाहाछाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएको गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिन्छ। प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. आफूले सकार गरेको पाँच वर्षको कबुलअंकको ३(तीन) प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन आई सी एशिया बैक खाता नं. ३१४१४८३०४९५२४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा १२० दिन मान्य अवधि भएको वाणित्य बैकको जमानत पत्र संलग्न हुनु पर्नेछ।

४. बोलपत्र स्वीकृत भएमा कार्यालयले जानकारी गराएको मितिले ७(सात) दिन भित्र एक वर्षको ठेक्का अंक बराबरको नगद गुठी संस्थान कोषमा जम्मा गरी बैक भौचरको सक्कल प्रतिलिएं वा कम्तिमा एक बर्षको भाडा रकम थाम्ने गरी गुठी कार्यालयको नाममा क वर्गको वाणिज्य बैकले जारी गरेको कम्तिमा दुई बर्ष म्याद कायम भएको शर्त रहितको बैक जमानतको सक्कलै प्रति पेश गरी सम्झौता गरी चलन पूर्जी लिनु पर्नेछ। अन्य कुराहरु गुठी तैनाथी घर जग्गा लिज तथा वहालमा दिने सम्बन्धी निर्देशिका २०७८ बमोजिम हुनेछ।

५. ठेक्कामा लिएको पोखरी, पोखरीको डिल सरक्षण गर्नु पर्नेछ। तोकिएको कार्य बाहेक अन्य कार्य पोखरीको अर्कृति प्रकृति घट्ने बिग्रने कार्यमा अतिक्रमण गरे यसमा नोक्सान भएको बिगो जति पेश भएको जमानतबाट र नपुग हुने जति रकम सरकारी बाँकी असुल उपर गरिन्छ।

६. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालो सूचिमा परेका, फर्म वा निजका परिवारले यस ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैन। सहभागि भएको पाइएमा त्यस्ता व्यक्ति फर्मको ठेक्का फर्मको ठेक्का प्रक्रिया रद्द गर्न सकिन्छ।

७. बोलपत्र साथ PAN(स्थायी लेखा नम्बर) संघ संस्था दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र सहित कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्र पेश गर्नुपर्नेछ।

८. अलग अलग पोखरीको लागि अलग अलग बोलपत्र पेश गर्नु पर्नेछ।

९. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सबै काम गरिनेछ।

१०. यो बिषयमा कुनै द्विविधा भएमा वा अन्य कुनै बिषयमा जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

११. पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गुठी संस्थान प्रधान कार्यालयमा निहित रहनेछ। न्यूनतम अंकभन्दा कम रकम कबुल गरी पेश हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिन छैन।

१२. यस सम्बन्धी अन्य कुराहरु गुठी तैनाथी घर जग्गा लिज तथा बहालमा दिने सम्बन्धी निर्देशिका २०७८ बमोजिम हुनेछ।

सम्पर्क ठेगाना ०४१-५९०२८१

CamScanner